म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८४ आइतबार १४ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 28 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

### हेटौंडा कपडा उद्योग

# फलामको च्यूरा चपाउने प्रयास मात्र

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/सरकारले हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो उद्योग सञ्चालन गर्ने भन्दै नीति तथा कार्यक्रममा समेटेको छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले ती तीन उद्योग पूर्ण सञ्चालनको सम्भावना रहेको बताए ।

त्यस्तै, बन्द अवस्थामा रहेका रुग्ण उद्योगलाई सञ्चालन, खारेज र एकीकरण गर्न उच्चस्तरीय अध्ययन टोली गठन गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । औद्योगिक विकासलाई तीब्रता दिन नवप्रवर्तनमा आधारित उद्यम व्यवसायीलाई प्रोत्साहन गरी विदेशी लगानी भित्राउन विदेशस्थित कूटनीतिक नियोगको सक्रियता बढाइने राष्ट्रपति पौडेलले बताएका थिए । 'वैदेशिक लगानीलाई उत्पादन एवम रोजगारी क्षेत्रमा परिचालन गरिनेछ,' नीति तथा कार्यक्रम वाचन गर्दै पौडेलले भनेका थिए ।



सरकारले बजेटमा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने भनेर गौरवका साथ प्रस्तुत गर्दै आएको धेरै समय भयो । हेटौंडा औद्योगिक क्षेत्रभित्र बन्द रहेको उद्योगलाई 'सञ्चालन गरिने' भनेर प्रत्येक वर्षको बजेट भाषणमा घोषणा गरिँदै आएको छ । तर, उद्योगले पुनर्जीवन पाएको छैन र पाउने सम्भावना पनि छैन । २०३२ सालमा शिलान्यास भएको उद्योग चिनियाँ सरकारको सहयोगमा बनेको थियो । २०३५ साल माघ ५ बाट सञ्चालनमा आएको हेटौंडा कपडा उद्योग कुनै समय मकवानपुरको मात्र नभएर देशकै सान थियो ।

बन्द भएर खारेजी प्रक्रियामा गैसकेको उद्योगको सञ्चालन सम्भाव्यता अध्ययनको लागिमात्र हालसम्म १५ करोड खर्च भएको छ । तर, परिणाम हातलाग्यो शून्य हुँदै आएको छ । २०६६ सालमा अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा गठन भएको अनुगमन समितिले उद्योग सञ्चालनको लागि आवश्यक बजेटसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । सोही प्रतिवेदनको आधारमा सरकारले ८ करोड २१ लाख रुपैयाँ निकासा गरेको थियो । तर, सोही वर्ष कार्तिक १८ गते बसेको मन्त्रि परिषद्को बैठकले उद्योग खारेज गर्ने निर्णय गऱ्यो ।

हेटौंडा औद्योगिक क्षेत्रको मात्र नभएर देशकै ठूलो उद्योगबाट उत्पादन भएका सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा आमउपभोक्ताबीच निकै लोकप्रिय थियो । तर, २०४६ को राजनीतिक परिबर्तनले हेटौंडा कपडा उद्योगको दुर्गति सुरु भयो । ट्रेड युनियनको नाममा भएको राजनीति र सरकारमा जाने दलले नेता तथा कार्यकर्ता भर्तीकेन्द्र बनाउँदा नाफामा रहेको उद्योग २०५७ सालसम्म आइपुग्दा पूर्ण बन्द भयो । सरकारले सम्पूर्ण दायित्व भुक्तानी गर्दै २०५७ साल माघ १८ गते कपडा उद्योग बन्द गर्ने निर्णय गऱ्यो ।

२०५९ सालमा सरकारले उद्योग खारेजीको प्रक्रियामा अघि बढायो । त्यसयता पटकपटक हेटौंडा कपडा उद्योगलाई लिक्वीडेसनमा लैजाने निर्णय भयो तर, काम भएन । उद्योग बन्द भएसँगै सयौंको रोजगारी त खोसियो नै, सरकारले सबैभन्दा धेरै नाफा गर्ने, नेपाली कपडालाई विश्व बजारमा 'ब्राण्डिङ' गर्ने उद्योगको अस्तित्व पनि समाप्त भयो । एउटै छानामुनी करिब १२ सय व्यक्तिले प्रत्यक्ष रोजगारी पाएको उद्योगमा राजनीति छिरेपछि उद्योग धरासायी भयो ।

डा. बाबुराम भट्टराईले हेटौंडा कपडा उद्योग पुन संचालन गर्ने भन्दै ८ करोड रुपैयाँ बिनियोजन गरे र कपडा उद्योगका मेशिने मर्मत पनि गरियो । तर, उद्योग चलेन । शेरबहादुर देउवा नेतृत्वको सरकारले उद्योग पुन: सञ्चालन गर्ने घोषणा गऱ्यो । तर, उद्योग पुरानै मेसिनबाट चल्ने अवस्थामा छैन भन्दै बिज्ञले सुझाए । उद्योगमा भएका ४६० वटा तान मान्छेले चलाउने प्रविधिमा आधारित छ । हेटौंडा कपडा उद्योगमा रहेका पुरानै मेसिनबाट अबको बजारसँग प्रतिस्पर्धा गर्न नसक्ने उद्योगका पूर्वइञ्जिनियर आनन्दराम पौडेल बताउँछन् । यही मेसिनबाट उद्योग चल्दैन ।

यो प्रविधिमा अब उद्योग चलाउँछु भन्नु सम्भव छैन । भएका मेसिन र भवन मर्मत गरेर उद्योग चलाउनु र नयाँ मेसिन ल्याएर उद्योग चलाउँदा खर्च बराबरी आउने भएकोले सरकारले नयाँ प्रविधितर्फ ध्यान दिनुपर्नेमा बिज्ञहरुले सुझाएका छन् । पुराना मेसिन जबरजस्ती चलाउन खोजे दुर्घटना हुने सम्भावना रहने बताइन्छ । औद्योगिक क्षेत्रको १९२ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगका भवनहरु जीर्ण भइसकेका छन् । सोही भवनमा उद्योग सञ्चालन गर्न सजिलो नहुने सरोकारवाला बताउँछन् । उद्योगको विद्युतीय प्रणाली ध्वस्त छ ।

बाहिरबाट हेर्दा उद्योग क्षेत्र खण्डहर देखिन्छ । उद्योग परिसरमा सशस्त्र प्रहरीको १४ नं गण स्थापना गरिँदा सरसफाइमा केही सुधार देखिए पनि भवन दिनानुदिन जीर्ण बन्दै गएको छ । उद्योग बन्द भएपछि सरकारले २०५८ सालमा निजीकरणको लागि बोलपत्र आह्वान गरेको थियो । उद्योग निजी क्षेत्रले चलाउने भएपछि फेरि रोजगारी पाइने मजदुरमा आशा पलायो । तर, पटकपटक प्रयास गर्दासमेत कसैले पनि उद्योग चलाउन इच्छा देखाएनन् । उद्योगलाई खारेजीको प्रक्रियामा लगिएको थियो ।

डा. बाबुराम भट्टराई अर्थमन्त्री भएको समयमा पुन: २०६५/६६ को बजेटमा उद्योग सञ्चालन गर्ने विषय समावेश भयो । डा. भट्टराई प्रधानमन्त्री भएको समय २०६६ कात्तिक १८ मा मन्त्रिपरिषद्को निर्णयमार्फत पुन: उद्योग खारेजी प्रक्रिया अघि बढ्यो । मन्त्रिपरिषद्को २०६७ चैत ३० को निर्णयबाट भवन र भौतिक पूर्वाधार, सवारीसाधन र जग्गाको मूल्यांकन अघि बढाइयो ।

तत्कालीन उद्योगमन्त्री नवीन्द्रराज जोशीले २०७३ सालमा उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्न समिति बनाए । त्यसपछिका उद्योगमन्त्री मात्रिकाप्रसाद यादवले २०७५ मा पुन: समिति बनाए । नेपाली सेनासहितको संलग्नतामा उद्योग सञ्चालनसम्बन्धी अध्ययन गर्न कार्यदल बनाइयो । कार्यदलको अध्ययन प्रतिवेदन पनि काम लागेन । सरकारले अनेक प्रयास गर्दा पनि उद्योग सञ्चालन गर्न नसकेपछि २०६९ माघ १२ गते हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई लिलामीको अधिकार दियो । कार्यालयले मेसिनरी ८ करोड १४ लाख २७ हजार ६५० रुपैयाँ र भवन तथा भौतिक पूर्वाधारको ८ करोड १२ लाख २५ हजार रुपैयाँ मूल्यांकन गरेको थियो ।

# बागमतीमा आजदेखि गणतन्त्र दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/बागमती प्रदेश सरकारले आइतवारदेखि तीन दिन गणतन्त्र दिवस, २०८० विविध कार्यक्रमहरु गरी मनाउने भएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्रीगंगानारायण श्रेष्ठले जेठ १४ गतेदेखि १६ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गर्ने तालिका सार्वजनिक गरेका छन् ।

सरकारले जेठ १४ गते बृहत् रक्तदान कार्यक्रम आयोजना गर्नेछ । यस्तै जेठ १५ गते बिहान हेटौंडाको बुद्धचोकबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म प्रभातफेरी आयोजना गर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्राङ्गणमा गणतन्त्र दिवस, २०८० विशेष समारोहमा प्रदेश प्रमुखबाट सम्बोधन हुने कार्यक्रम रहेको मन्त्री श्रेष्ठले बताए ।

सोही दिन साँझ प्रदेशस्थित सबै मन्त्रालय, कार्यालय, सार्वजनिक एवं सामुदायिक सैसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र प्रदेशवासीका घरघरमा दीपावली गर्ने बताए ।

जेठ १६ गते वृक्षरोपण कार्यक्रम आयोजना गर्ने मन्त्रालय अन्तर्गतका कार्यालय र सार्वजनिक स्थानको सरसफाइ गर्ने, सार्वजनिक निकायले राष्ट्रिय झण्डा फहराउने एवं ब्यानर प्रदर्शन गर्ने, सञ्चार माध्यममार्फत गणतन्त्र दिवसलाई सभ्य र भव्य रुपमा मनाउन अपिल गर्ने, प्रदेशमा क्रियाशील पत्रकारलाई प्रोत्साहित गर्न विभिन्न विधामा स्थापित पत्रकारिता पुरस्कार वितरण गर्ने जस्ता कार्यक्रम तय भएको मन्त्री श्रेष्ठले बताए ।

दिवसका अवसरमा राजनीतिक दल र नागरिक समाजको प्रतिनिधिबीच अन्तरक्रिया गर्ने, गणतन्त्रको १५ वर्ष अवसर र चुनौती विषयमा खुला लेख प्रतियोगिता आयोजना गर्ने बताए ।

## रजैयामा सवारी दुर्घटनाबाट एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/जिल्लाको पशिचमी क्षेत्र रजैयास्थित पूर्व-पशिचम लोकमार्गमा बसमा सवार यात्रुको हात चुडिँदा उपचारको क्रममा मृत्यु भएको छ ।

बसको झ्यालबाट बाहिर हात निकालेका एक यात्रुको अर्को सवारीको ठक्करबाट हात चुँडिएको थियो । ती यात्रुको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । पूर्व-पशिचम राजमार्गअन्तर्गत मनहरी गाउँपालिका-९ रजैयामा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको मिनिबसमा सवार एक यात्रुको विपरित दिशाबाट जाँदै गरेको ट्रकमा ठोक्किँदा दाहिने हातको पाताभन्दा मुनिको भाग चुँडिएको प्रहरीले जनाएको छ ।

बा ३ ख ८३९४ नं. को बसमा सवार अन्दाजी ३०-३२ वर्षका नाम थर नखुलेको पुरुषको विपरित दिशाबाट जाँदै गरेको ग १ क २२९७ नम्बरको मिनि ट्रकमा हात ठोकिँदा चुँडिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । हात चुँडिएर घाइते भएका ती पुरुषलाई चुँडिएको हातसहित उपचारको लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**गोदमघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पशिचम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरू बिक्रीमा**

जिल्ला : मकवानपुर


हेटौंडा उपमहानगरपालिका

वाड नं. १

मुकुन्द कार्की :

९८५१०८९६३४,

९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# कृषि अनुदानको दुरुपयोग रोकौं

नेपाल सरकारले कृषिक्षेत्रमा दिएको अनुदान वास्तबिक किसानका लागि नभएर सरकार झुक्याउन सक्ने सुकिलामुकिला, टाठाबाठाका लागि मात्रै हो भन्ने कुरा प्रमाणित भएको छ । जसले झुटका पुलिन्दा बनाउँन सक्छ त्यसैले अनुदान पाएको छ । खाँटी किसानले परियोजना प्रस्ताव तयार गर्न सक्दैसक्दैन । तर, सरकारलाई त्यही झुटको पुलिन्दामा बढी बिश्वास लागिरहेको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र बधशाला सञ्चालन गर्ने भन्दै प्रदेश सरकारसँग लिइएको ६१ लाख रुपैयाँ बढी अनुदान रकम दुरुपयोग भएको घटनाले नयाँ मोड लिएको छ । बफेलो क्वालिटी फुड कम्पनीले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट लिएको अनुदान रकम हिनामिना गरेपछि असुलउपरको प्रक्रिया चलिरहेको छ ।

मन्त्रालयले अनुदान दुरुपयोग भएको पुष्टि भएपछि रकम असुलउपरका लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय काठमाडौंलाई पत्राचार गरेको थियो । तहसिल कार्यालयले हाल अनुदान लिने कम्पनीको नाम परिवर्तन भएको जनाएको छ । अनुदान लिएको कम्पनी बफेलो क्वालिटी फुडको नाम हाल परिवर्तन गरेर रिजन क्वालिटी बनाएको पाइएको तहसिल कार्यालयले जानकारी दिएको छ । कार्यालयले रकम फिर्ता गर्न मन्त्रालयमा अनुदान लिँदा सम्झौता गरेका कम्पनीका प्रतिनिधिको खोजी गरिरहेको छ । तर, कम्पनीका प्रतिनिधि फेला परेको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट हेटौंडा औद्यागिक क्षेत्रभित्र वधशाला सञ्चालन गर्ने भन्दै बफेलो क्वालिटी फुड प्रालिले २०७६ सालमा ६१ लाख २९ हजार रुपैयाँ अनुदान लिएको थियो । कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले रकम असुली प्रक्रिया अनुसार २३ चैतमा कम्पनीको नाममा ३५ दिने सूचना जारी गरेको छ । अनुदान रकम लिएपछि थोरै समयमा फलामका संरचना ठड्याएर बफेलो क्वालिटी फुड कम्पनी गायब भएपछि घटना बाहिरिएको हो । प्रदेशसभाको सार्वजनिक लेखा समितिले अनुदान दुरुपयोग भएको ठहर गर्दै मन्त्रालयलाई असुलउपर गर्न पत्राचार गरेपछि मन्त्रालयले कम्पनीको नाममा ३५ दिने सूचना जारी गरेको हो । वधशाला सञ्चालन गर्ने भन्दै कम्पनी नै मन्त्रालयसँग अनुदान माग्न आएको थियो । त्यतिबेला कम्पनीले वधशाला सञ्चालन गरेर मासु निर्यातमा चमत्कारिक काम गर्ने मौखिक बनावटी योजना देखाएर अनुदान रकम कुम्ल्यायो ।

बफेलो क्वालिटी फुड कम्पनीबट मन्त्रालयसँगको सम्झौतामा कम्पनीका प्रतिनिधिका रुपमा सैयद रियाजउद्धिनले हस्ताक्षर गरेका छन् । रियाजउद्धिनले कम्पनी बिक्री गरेर बेपत्ता भएको जानकारी आएको छ । साविकको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग हेटौंडा औद्योगिक क्षेत्रमा वधशाला सञ्चालन गर्ने भन्दै १६ जेठ ०७६ मा सम्झौता भएको थियो । सम्झौतामा अनुदान रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकलाई सचेत गराउने र सुधार नदेखिएमा एकपक्षीय रुपमा सम्झौता भंग गर्ने तथा हिनामिना भएबराबरको रकम दोस्रो पक्ष (बफेलो क्वालिटी फुड)बाट सरकारी बाँकी सरह असुलउपरको प्रक्रिया अगाडि बढाउन सक्ने उल्लेख छ । तर, निर्माण गर्ने भनिएको उद्योगले मन्त्रालयको अनुदान रकम पाएसँगै ४ वर्षदेखि गायव भएको छ । उक्त उद्योग खोल्ने भनिएको स्थान एसियन पेन्ट्स कम्पनीले भाडामा लिएर आफ्नो काम गरिरहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

# नेता र तिनका श्रीमती-छोराछोरीबीच देश लुट्न तँछाड-मछाड



✍ कृष्ण हुमागाई

राजाको आडमा पञ्चहरूले भ्रष्टाचार, घुसखोरी र कमिसनको जालोमा पारेर जनतालाई दुःख दिए, अन्याय र अत्याचारको जाँतोमा पिसेर जनताको रगत पसिनामाथि शोषण गरे । बोल्ने, लेख्ने, विचार व्यक्त गर्ने, विचार रोज्ने अधिकार दिएननन् भनेर नै जनताले त्यो निर्दलीय फासिस्ट पञ्चायत व्यवस्थालाई फालेर बहुदलीय व्यवस्था ल्याएका हुन् ।

आफ्नो अनि सन्तति र देशको मुहार फेर्ने सपना लिएर २०४६ सालमा आन्दोलनमा होमिएका युवा आफ्नो जीवनमा कुनै सुधार नभईकन प्रौढ अवस्थामा पुग्न लागेका छन् । भ्रष्टाचार झन् मौलाएको छ, हिजो हात्तीछाप चप्पलमा हिँड्ने मान्छेले भन्सार छुटमा राज्यलाई ठगेर लिएका सुविधाका प्राडो-पजेरो थोत्र्याइसकेका छन् । कतिपयले व्यापारीलाई बेचेर सम्पत्ति आर्जन गरिसके । यो त पुरानो कुरा भयो । त्यसयताका ठुला भ्रष्टाचार काण्ड सबै छानबिन हुनुपर्छ र दोषी ठहर भएका देशघातीलाई कारबाही हुनुपर्छ ।

व्यवस्था परिवर्तन भयो, जनताको आर्थिक अवस्था परिवर्तन भएन । बेरोजगारी समस्यालाई वैदेशिक रोजगारीले केही हदसम्म थेगे पनि जनता देश छाडेर अर्काको देशमा सस्तोमा कठिन र जटिल श्रम बेच्नुपर्ने अवस्थाबाट पीडित नै छन् । प्रजातन्त्र, लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र जे भने पनि जनमतद्वारा नै शासन सत्तामा पुगेकाबाट देश लुट्ने अपराध भएबाट जनतामा चरम निराशा र नेताका प्रति घृणाभाव उत्पन्न भएको अवस्थालाई अब पनि नेतृत्वले बुझ्दैन, बुझ्न प्रयास गर्दैन भने यो पुस्ताले देश र जनताको भलो गर्न सक्दैन । यसका लागि यही राजनीतिक व्यवस्थाभित्रबाट नालायकलाई पाखा लगाउँदै युवाले राजनीतिमा हस्तक्षेप गर्नुपर्ने हुन्छ । अब देश युवाले हाँक्ने हो बुढा नेताले बेथिति रोक्न सकेनन् । आफैं वा आफ्नै वरिपरिकाको घेराबन्दीमा परेकाले अब केही गर्न नसक्ने रहेछन् भन्ने जनताका मनमा परिसक्यो ।

लोकतान्त्रिक प्रणालीले नागरिकलाई बोल्ने, लेख्ने, विचार व्यक्त गर्न, शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने, असहमति राख्न पाउने अधिकार त दियो, तर भोको पेटले अधिकारभन्दा पहिला खाना खोज्दो रहेछ । जिउँदो रहे त अधिकार पनि खोज्ने हो । ज्यानै नरहने अवस्थामा अधिकारको नाराले मात्र पेट भरिँदो रहेनछ । आन्दोलनमा भोको पेट खटेर, ज्यानै समेत दिएर जनताले लोकतन्त्र ल्याउन साथ दिएकै हुन् ।

लोकतान्त्रिक आन्दोलन केही मुठीभर मान्छेको सुखसयलका लागि मात्र थिएन, होइन । नेता मोटाउने जनता दुब्लाउने यो कस्तो लोकतन्त्र ? सबैका लागि, सर्वजन हिताय भनेर ज्यानको बाजी लगाउनेहरू अहिले निराश छन् । देश आर्थिक संकटमा फसिसक्यो । नेता र तिनका स्वास्नी छोराछोरीहरू देश लुट्न तँछाड-मछाड गरिरहेका छन् ।

यही मेसोमा नक्कली भुटानी शरणार्थी प्रकरणमा अहिले केही भ्रष्टाचारी सतहमा आएका छन् । सतहमा नआएका त कति हो कति छन् । देश लुटेर जनतालाई कंगाल बनाउने देशद्रोहीलाई कडा कारबाही गरेर तिनको सबै सम्पत्ति राष्ट्रियकरण गर्न सरकारले खुट्टा नकमाओस् । भ्रष्टाचारीलाई छानबिनको दायरामा ल्याई कारबाही नगर्ने हो भने अब देशमा अर्को विद्रोह हुन्छ, र त्यो विद्रोहले देशको भविष्य कता लैजाने हो, यसै भन्न सकिने अवस्था छैन ।

लोकतन्त्र र गणतन्त्रका मसिहाहरू कोही देश लुट्ने र कोही लुटेरालाई जोगाउन लाग्ने हो भने अबको आन्दोलन कसको हातमा पुग्छ ? जनता भ्रष्टाचार र भ्रष्टाचारीका विरुद्ध छन् । यति कुरा आफूलाई लोकतन्त्रवादी, गणतन्त्रवादी भन्नेले बेलैमा बुझ्दैनन् भने भीरबाट लड्ने गाईलाई राम-राम भन्न सकिन्छ, काँधै थाप्न त सकिएन भन्ने अवस्थामा जनता पुगिसकेका छन्, चेतना भया ।

### भ्रष्टाचारर र गरिबी राष्ट्रको समस्या

अल्पविकसित र गरिब राष्ट्रको मुख्य समस्या भनेकै नेतृत्व तहमा बस्नेले गर्ने भ्रष्टाचार अनि जनताले भोग्नुपरिरहेको चरम गरिबी र पछौटेपन हो । गरिब राष्ट्रका नेताको सोच पनि गरिब मात्र होइन, दरिद्र नै भइदिँदा जनताले सास्ती खेप्नुपरेको छ । लोभीपापीको सत्तामा हालीमुहाली चल्दा जनताले दुःख पाएका हुन् । एकदलीय अधिनायकवादी, निरंकुश शासनसत्ता भएका मुलुकमा भ्रष्टाचार, बेथिति र गैरअवैधानिक स्वेच्छाचारी कार्य हुनु स्वाभाविकै हो, तर लोकतान्त्रिक मुलुक, त्यसमा पनि लोकतन्त्रका लागि लामो संघर्ष गरेका भनिएकाबाटै अकल्पनीय भ्रष्टाचारका काण्ड हुनुले जनतामा लोकतन्त्रप्रति विश्वास डगमगाउने खतरा उत्पन्न हुँदै छ । जुन कुरा देश, जनता र लोकतान्त्रिक प्रणालीकै निमित्त पनि अत्यन्तै चिन्ताको विषय हो ।

देशलाई लुटेर, जनतालाई ठगेर र मित्रराष्ट्रलाई झुक्याएर देशको गरिमा र विश्वसनीयता बढ्न सक्दैन । गरिबीको नारा भजाउँदै लोकतन्त्रको माला जपेर शासनसत्तामा पुगेकाबाट यति विघ्न भ्रष्टाचार हुनु भनेको जघन्य अपराध हो । भ्रष्टाचार पनि कति हो कति ! नक्कली भुटानी शरणार्थी काण्ड, सेक्युरिटी प्रेस खरिद ७० करोड काण्ड, ३३ किलो सुन काण्ड, वाइड बडी, न्यारो बडी, यति होल्डिङ, ओम्नी काण्ड, अरुण- ३ काण्ड, पानी ट्यांकी नोट काण्ड, एनसेल काण्ड, भ्यूटावर काण्ड, कोभिड कमिसन, झापा चिया बगान काण्ड, सार्वजनिक जग्गा हिनामिना काण्ड, नारायणहिटी जग्गा ठेक्का काण्ड, रेल-वे र पानी जहाज ठेक्का काण्ड, बालुवाटार जग्गा घोटाला काण्ड, आयल निगम जग्गा खरिद काण्ड, लाउडा काण्ड, क्यान्टोनमेन्ट लडाकु घोटाला काण्ड लगायत दर्जनौं भ्रष्टाचार काण्डहरूको निष्पक्ष छानबिन र भ्रष्टाचारीमाथि कडा कानुनी र सामाजिक बहिष्कार कारबाही गरिनुपर्छ ।

गरिब जनताले गाँस काटेर तिरेको राजस्वबाट राष्ट्रिय ढुकुटीमा जम्मा भएको र कममाथि भ्रष्टाचार गर्ने, दातृ राष्ट्र र निकायले दिएको अनुदान, सहुलियत कर्जामा अनियमितता गर्नेले देश र जनतालाई धोका दिए नै, विदेशीसामु नेपाल राष्ट्रको इज्जत र प्रतिष्ठामाथि पनि सन्देह उत्पन्न गराइदिए । देशको प्रतिष्ठा र विश्वसनीयतामा प्रश्न उठ्नु भनेको राष्ट्रिय बेइज्जती हो । भ्रष्टहरूले देशको बदनाम गरे । आफ्नै देशको नागरिक जसको भोट लिएर आफू सांसद मन्त्री बने तिनैलाई विदेशी, अनागरिक बनाउने र त्यस्तो बन्न तयार हुने दुवै दोषी हुन् । त्यसमध्ये पनि राज्यको नीति निर्माण तहमा बसेर यस्तो हदैसम्मको राष्ट्रकै बेइज्जत हुने दुष्कर्म गर्ने मुख्य दोषी अपराधी हुन् । यिनीहरूलाई आजीवन कारावास राखी राजनीतिक जीवन समाप्त पारिदिनुपर्छ । राज्यको उपल्लो निकायमा पुगेका राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनको मिलेमतोमा हुने ठुला भ्रष्टाचार काण्ड र यिनै भ्रष्टाचारीले गर्दा नेपालीको अन्तर्राष्ट्रिय जगतमा शिर निहुरिएको छ । नेपाली जनताले अभाव, गरिबी अनेकखाले समस्या भोग्नुपरिरहेको छ । देशको मुख्य समस्या भनेकै भ्रष्टाचार र त्यसले निम्त्याएको गरिबी हो । भ्रष्टाचारीलाई आजीवन कारावासको सजाय देऊ ।

### लोभी पापीले राजनीति बिगारे

देश र जनताका लागि राजनीति गरेका हौं भनेर ठुल्ठुला कुरा गर्नेका आलिसान महल, महँगा गाडी करोडौं नगद, हीरामोती, सुनचाँदीका गर-गहनाले बैंकका लकर भरिनु अनि दुःखी गरिब दाजुभाइ जसको भोटले उसलाई सत्तामा पुऱ्यायो उसको चुलो बल्न नसक्नुले नेपालको राजनीति भ्रष्ट लोभीको कब्जामा गएको प्रस्ट हुन्छ ।

गरिबीको आहालबाट उठेकाले आफूजस्तै गरिबको जीवनस्तर उकास्नभन्दा अभिजात्य सम्भ्रान्त वर्गको संगतमा आफूलाई सहरिया नवभुँइफुट्टा वर्गमा रूपान्तरण गरे । अझ सर्वहारा वर्गको अधिनायकत्वको कुरा गरेर नथाक्नेले त त्यो वर्गसँगको सामीप्यतालाई अपमान र लज्जाबोध गर्न थालेपछि वर्गीय विभाजन झन् बढेर गयो । हुनेखाने र हुँदाखाने वर्गबीचको अन्तर्द्वन्द्वले गरिब र धनीबीचको खाडल झन् बढेर गयो ।

राज्यका स्रोत र साधनमाथि सीमित वर्गको मात्र एकाधिकार स्थापित भइरह्यो । यो लुट धन्दा हिजो पञ्चका हातमा थियो, आज कांग्रेस-कम्युनिस्टका नाममा लुटेराले राज्य दोहन गरिरहेका छन् । जनताले जसलाई आफ्नो आदर्श मान्थे, त्यही भ्रष्ट भइदियो । जोसँग केही गर्छ कि भन्ने आशा राखियो, त्यही बदमास निस्किएपछि जनतामा निराशा छाएको छ । अब यिनले यो व्यवस्था धानीखान सक्दैनन् भन्ने चिन्ता जनतामा बढ्दै गएको छ ।

भारतीय हिन्दूवादीको भारतीय संस्थापन मार्फत राजतन्त्र बहालीको गुप्त योजना र अर्कातिर गद्दीच्यूत भएका राजा ज्ञानेन्द्रको बेलाबेलाको धम्कीपूर्ण वक्तव्य र राजावादीको चलखेल अनि संसद्मा समेत बढ्दो उपस्थितिले शुभ संकेत गरिरहेको छैन । त्यसमाथि यी भ्रष्टाचारीलाई लुट्न सजिलो हुने यो व्यवस्था किन चाहियो ? जनतालाई प्रणाली नै खराब हो भनेर भड्काउने तत्व सक्रिय भएको छ ।

विश्वका बेलायत, जापान, स्विटजरल्यान्ड, थाइल्यान्ड लगायत विकसित राष्ट्रले यही संसदीय लोकतान्त्रिक प्रणाली भएको व्यवस्थाबाट यत्रो उन्नति-प्रगति गरेका हुन् । व्यक्ति खराब भए पार्टीले खराबलाई हटाएर असललाई अघि बढाउँछ । पार्टी नै खराब छ भने जनताले त्यस्तो भ्रष्ट पार्टीलाई पनि चुनावबाट हटाइदिन्छन्, तर आजको दुनियाँमा लोकतन्त्रभन्दा सुन्दर, जनअधिकार सम्पन्न, सार्वभौमसत्ता जनतामा निहित भएको अर्को व्यवस्था कुन हो त ? यहाँ जनताले यो व्यवस्थामा देखिएका यावत् समस्यालाई हटाउन, परिमार्जन गर्न, सुधार गर्न सक्ने प्रावधान खुला छ । निरंकुशता र व्यक्तिको हुकुमी शासनमा यो सम्भव हुँदैन ।

व्यवस्था ठीक छ, व्यवस्था चलाउने नेताले जनताको अवस्थामा सुधार ल्याउन सकेनन्, समस्या यहीं छ । अब भ्रष्ट र खराबलाई जनताले नै चुनावबाट हटाउनुपर्छ । लोभीपापीले नेपालको राजनीति बिगारे र व्यवस्थालाई नै बदनाम गराउने अपराध गरे ।

*साभार: रातोपाटी*

# संघीयताप्रतिकूल नीति तथा कार्यक्रम

✍ खिमलाल देवकोटा

यही जेठ १५ मा सरकारले आर्थिक वर्ष २०८०-८१ का लागि बजेट प्रस्तुत गर्दै छ । नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा संसद्मा छलफल सकिएको छ । नीति तथा कार्यक्रम र विनियोजन विधेयकका आधारमा आगामी बजेटको आकारप्रकारको अनुमान पनि गर्न सकिन्छ । नीति तथा कार्यक्रम र विनियोजन विधेयकका प्राथमिकताहरू संघीयता अनुकूल रहे-नरहेको भन्नेमा यो आलेख केन्द्रित छ ।

नीति तथा कार्यक्रमको बुँदा ११ मा सरकारका प्रमुख नीतिगत प्राथमिकताका विषयहरू छन् । यस बुँदाको पहिलो अनुच्छेद 'संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन' भन्ने शब्दावलीबाट थालिएको छ, जसलाई शब्दावलीलाई आधार मान्दा संघीयता कार्यान्वयनमा सरकार प्रतिबद्ध छ भन्न सकिन्छ ।

तीन तहका सरकारबीच अहिले देखिएको ठूलो समस्या कार्य जिम्मेवारीको दोहोरोपना हो । दोहोरोपना विशेषत: साझा अधिकारसम्बद्ध छ । मौलिक हक र साझा अधिकारसँग जोडेर संघीय सरकारले प्रदेश र स्थानीय तहको अधिकारलाई अतिक्रमित गरेको महालेखा परीक्षक लगायतका निकायहरूका प्रतिवेदनमा उल्लेख छ । नीति तथा कार्यक्रमको बुँदा १२ मा तीन तहका सरकारबीच कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी काममा रहेको दोहोरोपना अन्त्य गर्ने भनिएको छ । यो सकारात्मक छ । संविधानको अनुसूचीमा रहेका अधिकारहरूको कार्यविस्तृतीकरण २०७३ मा गरिएको थियो । २०७३ माघ १८ को मन्त्रिपरिषद्को

बैठकले यसलाई अनुमोदन पनि गरेको थियो । यही कार्यविस्तृतीकरण प्रतिवेदनका आधारमा नेपाल सरकार कार्यविभाजन नियमावली-२०७४, प्रदेश सरकार कार्यविभाजन नियमावली-२०७४, स्थानीय सरकार सञ्चालन ऐन-२०७४ लगायतका महत्त्वपूर्ण कानुनी तथा नीतिगत दस्तवेजहरू बनेका छन् । नेपालको संघीयताको कानुनी तथा नीतिगत जग नै कार्यविस्तृतीकरण प्रतिवेदन हो । संघीयता कार्यान्वयनको अहिलेसम्मको अनुभवका आधारमा यसलाई पुनरवलोकन गर्नुपर्ने प्रदेश र स्थानीय तहको सुझाव थियो । नीति तथा कार्यक्रममा यो समावेश छ । हुन त यो २०७९-८० को नीति तथा कार्यक्रममा पनि छ तर नीति तथा कार्यक्रममा समावेश गर्ने, कामचाहिँ नगर्ने हो भने त्यसको अर्थ छैन ।

नेपालको संविधानको सुन्दर पक्ष अन्तर तह समन्वयकारी संस्थाहरूको प्रावधान हो । अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद्, विषयगत समितिजस्ता समन्वयकारी संस्थाहरूको व्यवस्था संविधान तथा कानुनमा छ । विडम्बना, यी समन्वयकारी संस्थाहरू अपेक्षित रूपमा क्रियाशील छैनन् । संस्थाहरू राख्ने तर बैठक नराख्ने, बैठक राखे पनि निर्णयहरू कार्यान्वयन नगर्ने स्थिति छ ।

यी समन्वयकारी संरचनाहरूमा प्रधानमन्त्रीले अध्यक्षता गर्ने अन्तरप्रदेश परिषद् र राष्ट्रिय समन्वय परिषद्को भूमिका सबभन्दा महत्वपूर्ण छ । २०७६ पछि अन्तरप्रदेश परिषद्को बैठक बसेको छैन । २०७७ मा अन्तरसम्बन्ध ऐन जारी भएपश्चात् यस ऐनमा प्रस्तावित राष्ट्रिय समन्वय परिषद्को बैठक अहिलेसम्म राखिएको छैन । अन्तरतह समन्वयकारी संरचनाहरूको नियमित बैठक राख, बैठकका निर्णयहरू कार्यान्वयन गर भनी राष्ट्रिय सभामा संकल्प प्रस्तावसमेत प्रस्तुत भएको थियो, जुन लज्जास्पद स्थिति हो । नीति तथा कार्यक्रमको बुँदा १२ मा समन्वयकारी संरचनालाई क्रियाशील गराइने उल्लेख छ । प्रधानमन्त्रीले चाँडै सबै समन्वयकारी संस्थाको बैठक बोलाउने प्रतिबद्धता संसद्समक्ष गरेका छन्, आशा गरौं ।

वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनको विषय पनि नीति तथा कार्यक्रम (बुँदा १९) मा छ । विनियोजन विधेयकमा समेत यो विषय प्राथमिकतासाथ उल्लेख छ । वित्तीय संघीयतामा खर्चको अधिकार, राजस्व अधिकार, वित्तीय हस्तान्तरण, आन्तरिक ऋण परिचालन, प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट लगायतका विषयहरू पर्छन् । हाल सतहमा देखिएका केही समस्यामा सरकारका तहहरूमा योजना तथा कार्यक्रमबीच तादात्म्य छैन । वित्तीय हस्तान्तरणलाई कार्यसम्पादन-मापनसँग जोड्न सकिएको छैन । कुनै विधि-पद्धतिभन्दा पनि जथाभावी खर्च गर्ने प्रवृत्ति मौलाएको छ । स्थानीय तहले वार्षिक बजेट असार १० मा सभामा पेस गरी असार मसान्तभित्र स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्था छ । तर संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको वेबपेजमा उल्लिखित विवरणलाई नै आधार मान्ने हो भने आजको मितिसम्म पनि दुइटा स्थानीय तहले बजेट ल्याएका छैनन् । आर्थिक वर्ष समाप्त हुनै लागिसक्यो तर बजेट नै स्वीकृत भएको छैन । बिनास्वीकृत बजेट काम कसरी भइरहेको होला, कुनै लेखाजोखा छैन । तलका सरकारहरूले कसरी काम गरेका छन्, कर्मचारीको अवस्था कस्तो छ, जनताले सेवा कसरी पाइरहेका छन्, वडातहहरू कत्तिको प्रभावकारी छन् भन्ने विषयमा संघीय सरकार बेखबरजस्तै छ ।

वित्तीय हस्तान्तरणको वितरण न्यायोचित छैन । अनुदान वितरणका केही सिद्धान्त छन् । जस्तो– ससर्त अनुदान कटौती गर्दै र वित्तीय समानीकरण अनुदान बढाउँदै लैजाने । तर कार्यान्वयनको स्थिति ठीक विपरीत छ । उदाहरणका लागि, आर्थिक वर्ष २०७५-७६ मा प्रदेश र स्थानीय तहले प्राप्त गरेको वित्तीय समानीकरण अनुदानको अनुपात नेपाल सरकारको कुल बजेटसँग करिब साढे १० प्रतिशत थियो । त्यसपछिका वर्षहरूमा क्रमश: घट्दै आएर चालु आर्थिक वर्ष २०७९-८० मा ९ प्रतिशतमा खुम्चेको छ । अनुदान वितरणमा प्रदेश र स्थानीय तहलाई कत्तिको न्याय भएको छ भनेर दुनियाँले हेर्ने, अध्ययन-अनुसन्धान गर्ने भनेको यहीं हो । नीति तथा कार्यक्रम र विनियोजन विधेयकमा वित्तीय संघीयताका यी समग्र पक्षमा रहेको कमजोरी सुधार्ने भनिएको छ तर विश्वास गर्ने आधार छैन । प्रदेश र स्थानीय तहको वित्तीय समानीकरण अनुदानको चालु आर्थिक वर्षको अन्तिम किस्ताको ५० प्रतिशत नै कटौती गरिएको छ । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा भएका केही नीतिगत सुधारलाई पनि कार्यान्वयनमा लगिएन । जस्तो– योजना हस्तान्तरणकै सवालमा, चालु आर्थिक वर्ष २०७९-८० को बजेट वक्तव्यमार्फत संसद्बाट स्वीकृत प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएका खानेपानी, सहरी विकास, सिँचाइ लगायतका केही योजना तथा कार्यक्रमहरू खोसिए । बजेट वक्तव्यको बुँदा ३४७ मा संघमा प्रविष्ट भएका आयोजनाहरूमध्ये १ करोड रुपैयाँसम्मका खानेपानी, पर्यटन र सहरी विकासह २ करोड रुपैयाँसम्मका सिँचाइ र नदी नियन्त्रण तथा ५ करोड रुपैयाँसम्मका सडक आयोजनाहरू एवं प्रदेश र स्थानीय तहका सम्बन्धमा ५० लाखसम्मका आयोजनाहरू हस्तान्तरण गर्ने भनिएको छ । प्रदेश र स्थानीय तहमा पठाइसकिएका, उनीहरूले विधिवत् बजेट स्वीकृत गरी ठेक्कापट्टा लगाएर काम अगाडि बढाइसकेका २२ अर्बका आयोजनाहरू नेपाल सरकारले बेइमानीपूर्वक खोस्यो । संसद्ले स्वीकृत गरेका कार्यक्रमहरू मन्त्रिपरिषद्ले खोस्नु संसदीय परम्परा र विधिको शासनको विपरीत त हुँदै हो, संविधानको बर्खिलाफ पनि हो ।

चालु आर्थिक वर्षको बजेट वक्तव्यमा संघीयता कार्यान्वयनको अहिलेसम्मको अनुभवलाई आधार मानेर स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन संशोधन गर्नेह वित्तीय समानीकरण अनुदानको अंश वृद्धि गर्दै लग्नेह ससर्त अनुदानलाई राष्ट्रिय नीति तथा महत्त्वका आधारमा एकमुस्ट हस्तान्तरण गर्नेह संघीय निजामती सेवा ऐन जारी गर्नेह संघीयता कार्यान्वयनको अभ्यासका आधारमा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक पुन:संरचना गर्न उच्चस्तरीय आयोग गठन गर्नेह सार्वजनिक खर्च पुनरवलोकन आयोग-२०७५ को प्रतिवेदन सार्वजनिक गरी क्रमश: कार्यान्वयन गर्नेह प्रदेश तथा स्थानीय तहमा संघीय संरचनाको समानान्तर प्रकृतिका समिति, बोर्ड, प्रतिष्ठान र आयोगजस्ता निकाय गठन गर्न निरुत्साहित गर्नेजस्ता विषयहरू छन् । तर यहाँ उल्लिखित कुनै पनि काम हुन सकेको छैन । यिनैमध्ये संघीयताको भावनाविपरीतका सरकारी कार्यालय तथा सार्वजनिक संस्था, विकास समिति तथा कोषहरू गाभ्ने वा खारेज गर्नेजस्ता केही विषयलाई यस पालिको नीति तथा कार्यक्रम र विनियोजन विधेयकमा हुबहु राखिएको छ ।

नीति तथा कार्यक्रमको बुँदा २८ मा राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनालाई प्राथमिकता दिने भनिएको छ । २०७४ पछिका सबै सरकारका नीति तथा कार्यक्रममा यस्तै भाषा छ, व्यवहारचाहिँ उल्टो । हजार-लाखका आयोजनाहरूमा पनि संघीय सरकार अल्झिएको महालेखा परीक्षककै प्रतिवेदनमा छ ।

चालु आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा ३४६ मा ससाना आयोजना जनताको प्रत्यक्ष सहभागितामा स्थानीय सरकारले, मझौला आयोजना स्थानीय तहको सहभागितामा प्रदेश सरकारले र ठूला आयोजना संघले सञ्चालन गर्ने व्यवस्थामा कडाइ गरिने भन्ने छ । तर लेखाइ र गराइमा बिलकुल फरक छ । संघले ससाना आयोजनालाई पनि स्थान दिनाले प्रदेशहरूले त्यसैको देखासिकी गरेका छन् । टुक्रे आयोजनाका कारण प्रदेशलाई त कतिपयले जिविसभन्दा पनि खत्तम भन्न थालिसकेका छन् । यस सम्बन्धमा प्रदेशहरूले पनि आफूलाई सुधार्नु जरुरी छ । सरकारका तहहरूले सीमा ननाघून् भनेर राष्ट्रिय सभाको संघीयता कार्यान्वयन समितिले केही विषयगत क्षेत्रका योजनाहरूको सीमा तोकिदिएको दियो । जस्तो– सडक पूर्वाधारमा १५ करोड र अन्य पूर्वाधारमा ५-७ करोड रुपैयाँभन्दा कमको योजना राख्न नपाइने भनिएको थियो ।

बाँकी पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १५ गते सोमबार २९ मे २०२३ । नवमी, जेष्ठ शुक्लपक्ष । तछलाध्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५२ । राष्ट्रिय गणतन्त्रदिवस । सगरमाथा आरोहण दिवस । शान्ति सेना दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु समस्याले सताउनेछ | **तुला** | : विवाद बढ्न सक्नेछ |
| **वृष** | : आफन्तले धोका दिन सक्नेछन् | **वृश्चिक** | : उत्साह कम हुनेछ |
| **मिथुन** | : मनमा उमङ्ग बढ्नेछ | **धनु** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ |
| **कर्कट** | : रमाइलो छोटो यात्रा हुनेछ | **मकर** | : उदर-विकार हुन सक्नेछ |
| **सिंह** | : काम गर्ने आत्मबल बढ्नेछ | **कुम्भ** | : परिवारमा उन्नति हुनेछ |
| **कन्या** | : अरुको विश्वास जित्न सकिनेछ | **मीन** | : काममा रोकावट आउन सक्नेछ |

# बजेट : 'मितव्ययिता'को ब्राण्डमा पुरानै कार्यक्रमको निरन्तरता

काठमाडौं/आगामी सोमबार संघीय संसदमा पेश हुने आउँदो आर्थिक वर्ष २०८०/८१ को बजेटको मस्यौदाको काम 'बजेट लेखन समिति'ले लगभग सकिसकेको छ । यसलाई अन्तिम रूप दिन बाँकी भए पनि बजेटले एउटा प्रारूप भने ग्रहण गरिसकेको छ । बजेट लेखन समितिका एक अधिकारीका अनुसार यसपटकको बजेटमा 'मितव्ययिता'को ब्राण्डमा पुरानै कार्यक्रमको निरन्तरता हुनेछ ।

'यसपालिको बजेट मुख्य रूपमा आर्थिक अनुशासन र मितव्ययितामा फरक मानक स्थापित गर्ने गरी आउनेछ' ती अधिकारीले भने । २४ वैशाखमा संसदमा पेश भएको बजेटको सिद्धान्त तथा प्राथमिकता र ५ जेठमा सार्वजनिक भएको सरकारको नीति तथा कार्यक्रमले नै बजेट मूलत: कस्तो आउँदैछ भन्ने स्पष्ट गरिसकेको छ ।




लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको सरकार आगामी वर्ष खर्च कटौतीको नीति लिनैपर्ने दबाबमा छ । 'स्रोतको संकुचनका कारणले पनि आर्थिक अनुशासन नै आगामी बजेटको ब्रान्ड हो' उनी भन्छन्, 'बजेटबाट क्रम भंग गर्ने दृष्टिकोण बनाउन न हामीसँग पर्याप्त स्रोत छ, न कतातर्फ जाने बाटो स्पष्ट छ, केही नयाँ प्रयोग गरेर हेर्ने पनि नेपालको बजेट प्रणालीकै निरन्तरता नै हो, यसपटक पनि त्यही हुन्छ ।'

### डिपार्चरको आवश्यकता, तर निरन्तरतालाई प्राथमिकता

सरकारको आम्दानीमा भएको तीव्र संकुचन तथा पूँजीगत खर्चमा निरन्तरको शिथिलतालाई सम्बोधन गर्न आगामी आर्थिक वर्षमा ठूलै डिपार्चरको आवश्यकता देखिएको छ । तर, बजेटको सिद्धान्त तथा प्राथमिकताले पुराना कार्यक्रम तथा नाराहरूलाई दोहोर्‍याएको छ । दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, वित्त घाटालाई वाञ्छित सीमामा राख्ने, बाह्य क्षेत्र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, सेवा प्रवाहमा सुधार गर्ने, स्रोतसाधनको परिचालनमा प्रभावकारितामा बजेटले जोड दिने, रोजगारीका अवसर बढाउने, डिजिटल इकोनोमीलाई प्रवर्द्धन गर्ने, गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सुनिश्चित गर्नेतर्फ पनि आगामी बजेट केन्द्रित हुने जस्ता कुराको रटान यसपटकको बजेटको सिद्धान्त तथा प्राथमिकतामा पनि लगाइएको छ ।

त्यति मात्रै हैन, बजेटले यसपटक निजी क्षेत्रलाई पर्याप्त व्यावसायिक वातावरण निर्माणका लागि 'नीतिगत सुधार'का घोषणाहरू पनि गर्नेछ । सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना मार्फत मुलुकलाई आर्थिक रूपमा सबल बनाउने र विदेशी लगानीलाई प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्ने नीति तथा कार्यक्रम छ ।

अर्थविद् डा. रेशम थापाका अनुसार सरकारको नीति तथा कार्यक्रमले नै बजेटमा निरन्तरताबाहेक कुनै फरक कार्यक्रम र योजना आउने लक्षण देखाएको छैन । आर्थिक रूपान्तरणको मार्ग पहिल्याउन सक्ने बजेट चाहिएको भन्दै उनले नीति र कार्यक्रममै सरकार अल्मलिएकाले बजेटसँग धेरै आशा गर्न नसकिने बताउँछन् । 'सबै कुरा गर्छु भन्दा अन्तिममा केही पनि हुँदैन' उनी भन्छन्,' देशले आर्थिक सुधारका लागि प्रमुख क्षेत्र पहिचान गरेर अघि बढ्नुपर्छ ।'

अर्थविद् केशव आचार्य पूँजीगत खर्चको विन्यास र कार्यान्वयनमा देखिएको शिथिलतालाई तोड्ने गरी बजेट आउनुपर्ने बताउँछन् । 'यति धेरै राष्ट्रिय गौरवका आयोजनाहरू राखेर हुँदैन, तुरुन्तै प्रतिफल दिनसक्ने र मुलुकलाई आर्थिक रूपमा एकीकरण गर्नसक्ने २-३ वटा ठूला परियोजनालाई राष्ट्रिय गौरवको परियोजना मानेर सरकारले त्यतै ध्यान केन्द्रित गर्नुपर्छ' उनी भन्छन्, 'कम र ढिला प्रतिफल दिने आयोजनालाई केही वर्ष रोकेर भए पनि अर्थतन्त्रको संरचनात्मक सुधार गर्न सक्ने योजनाहरू बनाइहाल्ने नीति लिनुपर्छ ।'

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे खर्च कटौती भन्दै कार्यक्रमहरू पुरानै तवरले राख्ने काम बजेटले गर्न नहुने बताउँछन् । अहिले राजनीतिक तथा आर्थिक रूपले कठिन अवस्था रहेको भन्दै उनले त्यसको पहिचान गर्दै राजस्वले चालु खर्च नै धान्न नसकेको अवस्था, रोजगारी, उच्च शिक्षा अध्ययनका लागि विदेश जानुपर्ने युवाको बाध्यता, भूमिको उपयोग र कृषि उत्पादन वृद्धिमा देखिएका समस्या जस्ता जनताले भोगिरहेका मुख्य समस्या समाधानलाई बजेटले सम्बोधन गर्न सक्नुपर्ने बताए ।

आगामी बजेटलाई सुशासन प्रवर्द्धनमा केन्द्रित गर्नुपर्ने पाण्डेको मत छ । 'राष्ट्रिय अर्थतन्त्रको आधारभूत कुरा नगरेको दलले पाएको मतले पनि सुशासन प्रवर्द्धन गर्ने नीतिको आवश्यकता बोध गराइसकेको छ' पाण्डे भन्छन्, 'सरकारले अनलाइन प्रणालीको विकास, कार्यान्वयन, भनसुन र घुस विना नै सार्वजनिक सेवा प्रवाह हुने ग्यारेन्टी गर्न सक्यो भने आशाको सञ्चार भएर अर्थतन्त्रका चुनौती पनि स्वत: कम हुँदै जान्छन् ।'

### खर्च घटाउन सरकारी संरचनामा काँटछाँट

सरकारले नीति तथा कार्यक्रममा नै असान्दर्भिक भएका, कार्यमा दोहोरोपन भएका र उद्देश्य अनुसार सञ्चालन हुन नसकेका सरकारी कार्यालय, सार्वजनिक संस्थान, विकास समिति तथा कोषहरूलाई एकापसमा गाभ्ने वा खारेज गर्ने उल्लेख गरेको छ । मुख्यगरी लीलामणि पौडेल नेतृत्वको उच्चस्तरीय तलब सुविधा आयोग र डा. डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएका सुझावहरूमा केन्द्रित रहेर समितिहरू खारेजी गर्ने तयारी छ ।

तलब सुविधा आयोगले सबै विकास समिति र आयोगहरूलाई एउटै छाताअन्तर्गत राखेर सञ्चालन गर्न, एक वर्षसम्म नयाँ कर्मचारीको भर्ना रोक्न, सेवा अवधि नपुग्दै लिइने अवकाश रोक्न र कर्मचारीहरूको दैनिक कार्यसम्पादनको अभिलेख राख्ने संगठन बनाउन सिफारिस गरेको थियो ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगले पनि अधिकांश विकास समिति ऐन, विशेष ऐन र गठन तथा सञ्चालन आदेशअन्तर्गत गठित समिति, परिषद्, आयोग, केन्द्र र बोर्डहरू खारेज गर्न सिफारिस गरेको थियो । त्यसका अतिरिक्त आयोगले संघमा केन्द्रीय विभागको संख्या ३५ र मन्त्रालयको संख्यालाई १६ मा कायम राख्न सुझाव दिए पनि त्यसतर्फ भने सरकारले पुनर्विचार गर्न चाहेको छैन । मन्त्रालयभित्र कार्यबोझअनुसार ३ देखि ५ वटा महाशाखा मात्रै राख्न, एउटा मन्त्रालयमा सामान्यतया एउटा भन्दा बढी सचिव नराख्न पनि आयोगले सुझाव दिएको थियो ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगले सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन 'सामाजिक सुरक्षा केन्द्र' स्थापना गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्न र सबै सामाजिक सुरक्षाका कार्यक्रम यस मातहत सञ्चालन गर्न सिफारिस गरेको थियो । नीति तथा कार्यक्रममा सबै किसिमका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्ने र योगदानमा आधारित सामाजिक सुरक्षाको दायराभित्र सबै नागरिकलाई समेट्दै लैजाने बताएको छ ।

आयोगले राष्ट्रिय योजना आयोगलाई 'संघीय योजना आयोग' बनाएर सबै तहको आर्थिक, सामाजिक विकासको समन्वय गर्ने संस्थाका रूपमा विकास गर्न सिफारिस गरेका थियो । त्यसै आधारमा नीति तथा कार्यक्रममा नै राष्ट्रिय योजना आयोगलाई पुनर्संरचना गरी नीति, योजना तथा अनुगमनको केन्द्रीय निकायको रूपमा विकास गर्ने घोषणा भइसकेको छ ।

### चालु खर्चलाई कस्ने नीति

रोजगारीका नाममा अनुत्पादक लगानी भएको भन्दै प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटमा पनि भारी कटौती गर्ने सरकारी तयारी छ । अनिवार्य दायित्व बाहेकका चालु खर्चका शीर्षकमा पनि बजेट विनियोजन नै कसिलो तवरले गर्ने योजना छ । खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गर्दै रोयल्टी तथा सशर्त अनुदानको आधारलाई बढी यथार्थपरक बनाउने तयारी छ । वित्तीय हस्तान्तरणलाई कार्यसम्पादनसँग आबद्ध गरेर प्रदेश र स्थानीय तहका लागि जाने अनुदानमा हुने खर्च समेत घटाउने अधिकारीहरू बताउँछन् ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्यक्ष तथा अर्थविद् डा. डिल्लीराज खनाल यो वर्ष राजस्व असुली कम भएका कारण आगामी आर्थिक वर्षमा बजेट प्रणालीकै पुनर्संरचना अत्यावश्यक देख्छन् । 'यो वर्ष नै करिब ३ खर्ब राजस्व अपुग हुने देखिन्छ, रेमिट्यान्स बढ्दा सँगसँगै बढ्ने राजस्व यो वर्ष बढ्न सकेन' उनले भने, 'सार्वजनिक खर्च कटौतीको सान्दर्भिकता झन् बढेर गएको छ ।'

यदि यो बजेटबाट पनि अनुत्पादक क्षेत्रमा खर्च नियन्त्रण नगरे देश गम्भीर आर्थिक संकटतिर जाने डा. खनालको भनाइ छ । विदेशी ऋणसमेत विकास निर्माणमा खर्च गर्न नसक्ने अवस्थाले मुलुकको आर्थिक प्रणाली झन् बिग्रने भन्दै उनले बजेटबाटै सुधारका कठोर कदम चाल्नुपर्ने बताए ।

'चालु खर्च मात्रै होइन, पूँजीगत खर्च शीर्षकभित्र पनि ५०/६० प्रतिशत कार्यक्रम अनावश्यक र आर्थिक रूपमा बोझिला छन्' उनी भन्छन्, 'यस्ता कार्यक्रमहरूलाई हटाउँदै र पुनर्संरचना गर्दै राष्ट्रिय गौरवका होइन, ठोस प्रतिफल दिने रणनीतिक महत्वका परियोजनाहरू अघि बढाउन आवश्यक छ ।'

सरकारले यसअघि नै स्रोत सुनिश्चितता गरेका आयोजनाहरूमा करिब ४ खर्ब रुपैयाँ दायित्व सृजना भइसकेको छ । यो वर्ष पूँजीगत खर्चको भुक्तानीमा नै समस्या सृजना भएको छ । त्यसो हुँदा अर्थ मन्त्रालय धेरै नयाँ आयोजनाहरू बजेटमा ल्याउने तयारीमा छैन । बरु पूँजीगत बजेटको आकार घटाउने तर विनियोजित बजेट सबै खर्च हुने सुनिश्चित गर्ने नीति लिने गृहकार्यमा सरकार छ ।

सरकारले सरकारी संस्थानमा लगानी गरिरहने परिपाटी पनि सच्याउनुपर्ने डा. खनालको भनाइ छ । निजी क्षेत्रलाई लगानीमैत्री वातावरण दिन नसके संकट झन् गहिरिने भन्दै खनालले सरकारभित्रका संयन्त्रलाई पनि कार्यदक्षतामा आधारमा जवाफदेही, दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने बताए ।

'बजेटप्रतिको विश्वसनीयता बढाउने गरी नीतिहरू आउनुपर्छ, बिजनेस एज युजल बजेटले यसपटक काम गर्दैन' उनले भने, 'आगामी बजेटको स्कोप भनेकै बजेटरी प्रणालीको पुनर्संरचना हो, त्यो हुनुपर्छ ।'

### कस्तो राजस्व नीति ?

यो आर्थिक वर्ष लिइएको राजस्वको लक्ष्य पूरा हुने त कहाँ हो कहाँ, गत वर्षको तुलनामा पनि १२ प्रतिशतले राजस्व कम उठेको छ । गत वर्षको ११ जेठसम्म ८ खर्ब ९० अर्ब रुपैयाँ राजस्व संकलन भएकोमा यो वर्ष सोही अवधिमा जम्मा ७ खर्ब ८१ अर्ब रुपैयाँ मात्रै उठेको छ । यही वर्षको अहिलेसम्म राजस्व संकलनमा १ खर्ब ८ अर्ब रुपैयाँको खाडल परेको छ ।

अहिले नै सरकारको राजस्व र खर्चबीचको खाडल साढे २ खर्ब ७६ अर्ब नाघिसकेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आर्थिक वर्षमा सरकारले ११ जेठसम्म संकलन गरेको राजस्व लक्ष्यको ५७.७ प्रतिशत मात्रै हो । जबकि खर्च भने १० खर्ब ९६ अर्ब भएको छ जुन लक्ष्यको ६१.११ प्रतिशत हो । यो वर्ष चालु खर्च मात्रै ८ खर्ब २० अर्ब रुपैयाँभन्दा बढी भइसकेको छ ।

यस्तो अवस्थामा आगामी वर्षका लागि राजस्वको असुली उच्च दरमा बढाउन नसकिने स्पष्ट छ । राष्ट्रिय योजना आयोगले १६ खर्ब ८८ अर्बको सिलिङ दिएको अवस्थामा सरकारले केही महत्वकांक्षी भएरै बजेटको आकार बढाउने तयारी गरेको छ । खर्च कटौती गर्दै चुहावट पनि घटाएर राजस्व असुलीलाई प्रभावकारी बनाउने योजनामा सरकार छ । आगामी पुससम्म ब्याजदर एकल अंकमा आउने र त्यसले आर्थिक गतिविधि बढाउने प्रक्षेपणसहित राजस्वको लक्ष्य निर्धारण तयारीमा सरकार छ ।

रेमिट्यान्स आप्रवाह मासिक औसत १ खर्ब नाघेकाले बाह्य क्षेत्र दबाबमुक्त रहने विश्लेषण सरकारको छ । त्यसकै आधारमा राजस्व नीति लिएर स्रोतको व्यवस्थापन गर्ने योजना छ । विद्यमान करप्रणालीमा पुनरावलोकन गर्ने नीति तथा कार्यक्रमको घोषणा अनुरूप संरक्षण दिनुपर्ने स्वदेशी कृषिजन्य र अन्य उत्पादनका प्रतिस्पर्धी विदेशी वस्तुहरूको आयातमा लाग्ने भन्सार महसुल र शुल्कहरू बढाउने सरकारी गृहकार्य छ ।

यस्तै विलासी वस्तुका रूपमा पहिचान भएका गाडी, मदिरा, महँगा मोबाइल तथा मोटर साइकल लगायतका उत्पादनको भन्सार दर पनि पुनरावलोकन गरिँदैछ । छुटेका आर्थिक क्षेत्रलाई औपचारिक कर प्रणालीमा आबद्ध गर्ने योजना पनि छ । सरकारले बजेट कार्यान्वयन हुने बेलासम्म अर्थतन्त्रका सबै क्षेत्र बलियो भइसक्ने अनुमानमा आधारित भएर बजेट बनाइरहेको छ ।

### समृद्धिको लाभ सबैलाई

स्रोतको दबाबकै बीच पनि सामान्य अवस्थाकै शैलीमा बजेट बनाउँदा पनि केही नयाँ प्रयोगको योजना पनि बनेका छन् । 'करिब ८०-९० प्रतिशत भाग त पुराना र पुरानै किसिमका योजनाले ओगट्छन्' अर्थ मन्त्रालय स्रोत भन्छ, 'उपलब्ध स्रोतको सीमाभित्र रहेर विभिन्न नीतिगत सुधार हुन्छन्, अर्थतन्त्रमा आवश्यक दोस्रो चरणको आर्थिक सुधारको सांकेतिक थालनी यही बजेटले गर्छ ।'

अर्थ मन्त्रालय स्रोतका अनुसार समावेशी आर्थिक वृद्धि अर्थात् समृद्धिको लाभ सबैको हातमा पुर्‍याउनेतर्फ पनि बजेटले बढी जोड दिएर कार्यक्रम घोषणा गर्दैछ । अधिकारीहरूको भनाइमा विगतमा डा. रामशरण महतको नीतिका कारण सिर्जना भएको भनिएको आर्थिक असमानता कम गर्नेतर्फ उनका भाइ समेत रहेका अर्थमन्त्री प्रकाशशरण महतको बजेटले विशेष सम्बोधनहरू गर्नेछ ।

'कांग्रेसका तत्कालीन अर्थमन्त्रीहरू महेश आचार्य र डा. महतले थालेका उदारीकरणको नीतिले धनी र गरिबबीचको खाडल घटाएन भन्ने जुन गुनासो छ, यसपटकको बजेटले त्यसमा कोर्स करेक्सन थाल्छ', अर्थ मन्त्रालय स्रोत भन्छ ।

क्षेत्रीय रूपमा पछाडि परेका क्षेत्रको विकासलाई महत्व दिने, सन्तुलित र न्यायोचित विनियोजन गर्ने र सामाजिक सुरक्षाका कार्यक्रमलाई दिगो बनाउने नीतिसहित सुशासन प्रवर्द्धन गर्ने बजेटको सिद्धान्त तथा प्राथमिकतामा नै समेटिएको थियो । सरकारले नीति तथा कार्यक्रममा मानव विकास सूचकाङ्कमा पछि परेका कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशलाई विशेष प्राथमिकतामा राखेर स्रोतसाधन परिचालन गर्ने उल्लेख थियो ।

विपन्न परिवारलाई नि:शुल्क विद्युत मिटर दिने, हिउँदमा ३० र वर्षायाममा ५० युनिटसम्म बिजुली महसुलमा छुट दिने, विपन्न परिवारका किसानलाई कृषि सामग्री दिने, वडा तहमा सहुलियत खाद्यान्न पसल चलाउने, विपन्न वर्गमा जाने कर्जालाई उत्पादनमा लगाउनेसहित विभिन्न मन्त्रालयगत कार्यक्रमहरू विपन्न परिवारको लागि बढी लक्षित गर्ने तयारी छ ।

*(स्रोत: अनलाइनखबर)*

# संघीयता प्रतिकूल नीति....

प्रदेशका सम्बन्धमा, सडकमा २ करोड र अन्य विषयगत क्षेत्रमा ५० लाखभन्दा साना आयोजना गर्न नहुने सुझाव थियो । स्थानीय तहका सम्बन्धमा कुल पुँजीगत बजेटको ५० प्रतिशत वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल र विकास स्तर लगायतका आधारमा न्यायोचित तरिकाले बाँडफाँट गर्नुपर्ने लगायतका सुझावहरूसमेत थिए । प्रदेश र स्थानीय तहका पदाधिकारीहरू समेतको सल्लाहका आधारमा राष्ट्रिय सभाले दिएका यी सुझावहरू इमानदारीसाथ अनुसरण मात्रै गर्ने हो भने पनि योजना कार्यान्वयनका सम्बन्धमा सरकारका तहहरूबीच देखिएका थुप्रै समस्याको समाधान हुने थियो । नीति तथा कार्यक्रम केही विषयगत कार्यक्रमहरूका सम्बन्धमा प्रदेशसम्मको त कुरै छाडिदिऔं, वडाभन्दा पनि तल, टोल/घरसम्मै झरेको छ ।

केही अपवादबाहेक संघीय सरकार प्रदेशभन्दा तल झर्न हुँदैन भन्ने संविधानको स्पष्ट मार्गदर्शन हो । तर घर-घरमा धारा, एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक खेल मैदान, एक पालिका एक कभर्डहलजस्ता पालिकास्तरका कार्यक्रमहरू ल्याइएका छन् । यस्ता कार्यक्रम संघीय सरकार मात्र हैन, प्रदेशले पनि बनाउन हुँदैन । स्थानीय तहहरू अहिले लाख-करोडको मात्र हैन, अर्बको बजेट बनाउने/चलाउने भइसके । संघीय सरकारले तिनलाई यो-त्यो कार्यक्रम गर भनी तोकेर तल पठाउने हैनह आफ्नो औचित्य र आवश्यकताका आधारमा तिनले आफैं तय गर्छन्, लागू गर्छन् । संघीय सरकारले अख्तियारी पठाउँदा राष्ट्रिय प्राथमिकता र महत्त्वमा जोड दिनलाई भन्न सक्छ । यो सैद्धान्तिक पाटोमा नीति तथा कार्यक्रम चुकेको छ । प्रदेशले स्थानीय तहसँग समन्वय गरेर काम गर्छ भने संघले प्रदेशसँगको समन्वयमा गर्नुपर्छ । संघले सबैजसो विषयगत क्षेत्रमा प्रदेशभन्दा तल झरेर स्थानीय तहसँग समन्वय गर्छु भन्नु संविधानलाई नचिन्नु हो । यस हिसाबले सरकारको नीति तथा कार्यक्रम सत्तारूढ दलहरूको न्यूनतम साझा कार्यक्रमभन्दा पनि कमजोर धरातलमा बनेको छ । सत्तारूढ दलहरूले यसबारे समीक्षा गर्नुपर्छ । नीति तथा कार्यक्रममा छुटेका विषयहरू बजेटमा समावेश गर्नुपर्छ ।

अन्तमा, न्याय प्रशासन सुधार आयोगसहित उच्चस्तरीय प्रशासन सुधार आयोग र उच्चस्तरीय शिक्षा आयोग गठनको प्रस्ताव स्वागतयोग्य छ । छिटो आयोग गठन गरी फटाफट काम गरेर परिणाम निकाल्ने वातावरण बनाउनुपर्छ । आयोग गठन मात्र हैन, आयोगका सिफारिसहरूको कार्यान्वयन पनि त्यत्तिकै जरुरी छ । सार्वजनिक खर्च पुनरवलोकन आयोगका सिफारिसहरू दराजमा थन्काएजस्तै गर्ने हो भने आयोगहरू बनाउनुको अर्थ छैन ।

*(साभार: ई-कान्तिपुर)*

# क्लाइमेक्सबाट 'देव वाणी'को छायांकन सुरु

काठमाडौं/बाबु साहेब बलामीले निर्देशन सम्हालेको फिल्म 'देव वाणी'को क्लाइमेक्सबाट छायांकन सुरु भएको छ । गत बुधबारदेखि बाराको सिमराबाट दृश्य खिच्न सुरु गरिएको हो । श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको क्लाइमेक्सको एक्सन दृश्यमा मुख्य कलाकारहरु सुनिल थापा, कुन्दन भारद्वाज, रविन्द्र झा, मौसम पौडेल र अनुजा लेप्चा प्रस्तुत छन् । फिल्ममा सुनिल थापा भिलेनको भूमिकामा छन् ।



मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको संयुक्त ब्यानरमा बनिरहेको 'देव वाणी'को सिमरापछि वीरगन्ज, इटहरी र काठमाडौंमा छायांकन हुनेछ । नेपाली र हिन्दी गरी दुई भाषामा बन्न लागेको फिल्ममा ुव कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, सरिता भण्डारी, लक्ष्मीनाथ तिमल्सिना, काजोल राघवाणी पनि मुख्य भूमिकामा छन् ।

हरिबहादुर घलेले छायांकन गरिरहेको फिल्मको कथा निराजन मेहता मन्जिलले लेखेका हुन् भने बन्देप्रसादको सम्पादनले सम्पादन गर्नेछन् । मौसम पौडेल प्रस्तुतकर्ता रहेको फिल्ममा मिना खड्का र हिराबहादुर लेप्चा निर्मातामा छन् । महेन्द्र यादव कार्यकारी निर्माता रहेको फिल्ममा तेञ्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनामको संगीत र तर्कराज न्यौपानेको मुख्य सहायक निर्देशन छ ।

# पाल्पाकी विद्याले जितिन् 'बहाव'को थाइल्यान्ड भ्रमणको अफर

काठमाडौं/गत चैत २४ गते प्रदर्शनमा आएको फिल्म 'बहाव'ले घोषणा गरेको थाइल्यान्ड भ्रमणको अफर पाल्पा घर भई हाल बुटवलमा बस्दै आएकी विद्या न्यौपानेले जितेकी छन् । शुक्रबार फिल्मकी अभिनेत्री सुरक्षा पन्तले गोला प्रथाबाट विजेता छनोट गरेकी हुन् । विजेता न्यौपानेले भ्रमणका लागि दुईतर्फी हवाई भाडा र तीनतारे होटलमा बसाईसहित चार रात, पाँच दिनको प्याकेज प्राप्त गरेकी छन् ।

यो पुरस्कार जित्नका लागि 'बहाव'को टिकट खल्ती एपमार्फत काट्नुपर्ने सर्त राखिएको थियो । विजेतालाई थाइल्यान्ड टूरको जिम्मा एमडी होलिडेजले लिएको छ । विजेताले विजेता घोषणा भएको दुई हप्ताभित्रमा एमडी होलिडेज ट्राभल वा खल्ती एपको सपोर्ट डेस्कमा सम्पर्क गर्नुपर्ने जनाइएको छ । विजेता घोषणा भएको मितिदेखि तीन महिनासम्मलाई मात्र यो टूर प्याकेज मान्य रहनेछ ।

विजेताले विशेष परिस्थितिमा यात्रा गर्न असमर्थ भए उसले आफ्ना परिवारका सदस्यहरूलाई नाता प्रमाणित हुने कागजपत्र देखाएर प्याकेजको लागि मनोनित गर्न सक्नेछन् । भिसा प्रोसेसिङको लागत प्याकेज विजेता स्वयंले व्यहोर्नु पर्नेछ । त्यस्तै, फिल्मको टिमले अप्सरा जैसीलाई 'कफी डेट'को विजेता घोषणा गरेको छ । उनले सुरक्षा पन्तसँग भेट गरेर कफी खाने अवसर प्राप्त गरेकी छन् ।

प्रमोद कँडेलको लेखन तथा निर्देशन र श्रीधर पौडेलको निर्माणमा बनेको फिल्ममा कमलमणि नेपाल, अफरान अली, इश्वरी सिंह, हीरालाल कँडेल, सुर्य शर्मा भट्ट, पवन श्रेष्ठको पनि अभिनय छ । फिल्ममा कार्तिकेय स्मिता कर्नाटकको छायांकन, सुजन बडालको सम्पादन र वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको संगीत रहेको छ । फिल्ममा सुरक्षाको अभिनय रुचाइएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मोबाइल व्यवसायी महासंघको प्रदेश अध्यक्षमा रिजाल

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/नेपाल मोबाइल व्यवसायी महासंघ बागमती प्रदेशको प्रथम भेला शनिवार हेटौंडामा भएको छ ।

भेलाले हेटौंडाका एसीस रिजालको अध्यक्षतामा प्रदेश समिति चयन गरिएको छ । रिजाल मकवानपुरका युवा मोवाइल व्यवसायी हुन् । उनी मोवाइल एसोसिएसन अफ नेपाल मकवानपुरका पूर्वअध्यक्ष समेत हुन् । महासंघ केन्द्रीय महासचिव रमेश घिमिरे निर्वाचन आयुक्त नियुक्त भई बागमती प्रदेश समितिको निर्वाचन गराएका हुन् । प्रदेश समितिको उपाध्यक्षमा काभ्रेका प्रेमप्रसाद दाहाल र ललितपुरका देवभक्त डंगोल चयन भएका छन् । समितिको महासचिवमा चितवनका सुरज पौडेल सचिवमा मकवानपुरका चन्द्रमणि पाठक, कोषाध्यक्षमा मकवानपुरकै मिलन स्याङ्तान, सहकोषाध्यक्षमा भक्तपुरका रामगोपाल ख्वालापला चयन भएका छन् ।



समितिको सदस्यहरुमा कुमारमणी त्रिपाठी (मकवानपुर), विक्रम कंडेल(चितवन), रतन भट्ट(चितवन), जलित मिया (धादिङ), प्रमोद श्रेष्ठ (रामेछाप), श्रीचन्द्र श्रेष्ठ (सिन्धुली), बलबहादुर श्रेष्ठ (सिन्धुली), रुद्रमणि धिताल (काठमाडौं), दिनेश लम्साल (ललितपुर), दीपक अधिकारी (काठमाडौं), दिलबहादुर तामाङ (काठमाडौं), विशाल ढकाल (काभ्रे), जीवन बलामी (भक्तपुर), रविन लामा (भक्तपुर) र कुवेरप्रसाद डोटेल (ललितपुर) चयन भएका छन् । २७ जनाको कार्यसमितिमा पाँच जना सदस्य आगामी बैठकले थप गरी लैजाने नवनिर्वाचित अध्यक्ष रिजालले बताएका छन् ।

निर्वाचन प्रक्रियामा महासंघ केन्द्रीय वरिष्ठ उपाध्यक्ष शोभित प्रसाई, प्रदेश संयोजक छतेन्द्र आचार्यलगायतको उपस्थिति रहेको थियो । प्रदेश संयोजक छतेन्द्र आचार्यको सभाध्यक्षता तथा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले मोवाइल विशुद्ध प्रविधिको उपकरण मात्रै नभई मानिसलाई चाहिने अतिआवश्यक वस्तुको रुपमा रहेको बताए । मानव जीवनको अभिन्न अंगको रुपमा मोबाइल रहेको र मोबाइलले विश्वबजार साघुरिएको बताए ।

उनले मोबाइलले गर्दा साना नानीबाबुलाई मानसिक तथा बौद्धिक समस्या आउने भन्दै त्यसको न्यूनीकरणमा महासंघको ध्यानाकर्षण हुनुपर्ने बताए । मन्त्री श्रेष्ठले मोबाइल व्यवसायीले भोग्नुपरेको समस्यालाई समाधान गर्न प्रदेश सरकारको ध्यान गएको छ र अवैधानिक रुपमा ल्याइएका मोवाइल र पुराना मोबाइल बिक्रीमा नियमन गर्न सरकार तयार रहेको बताए । कार्यक्रममा महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष शोभित प्रसाई, महासचिव रमेश घिमिरे, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कोषाध्यक्ष कविराज खत्री, महासंघ मधेस प्रदेशका अध्यक्ष मोहन कार्की, गण्डकी प्रदेशका अध्यक्ष उदय केसी, म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाई, सल्लाहकार महेन्द्र राउत लगायतको आतिथ्यता रहेको थियो ।

## बालसंरक्षणबारे प्राथमिकतामा कमी

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/बाल संरक्षणबारे अझै पनि कार्यक्रमहरु प्राथमिकतामा नरहेको सरोकारवालाहरुले बताएका छन् । स्थानीय सरकारले बालबालिकाको सवाललाई भन्दा विकास निर्माणका सवाललाई बढी प्राथमिकतामा राख्ने गरेको बताइएको हो ।

प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा राडो नेपालद्वारा संचालित प्रोटेक्ट परियोजनाको समापन बैठकमा सहभागीहरुले यस्तो बताएका हुन् । परियोजनाअन्तर्गत बालबालिकालाई सकारात्मक अभिभावकत्व प्रदान गर्न अभिभावक शिक्षा, बालसंरक्षणका सवालबारे विभिन्न कार्यक्रम गरिएको राडो नेपालका कार्यक्रम संयोजक दीपेन्द्र पाठकले बताए । परियोजनाको सहयोगपछि परिवारको आर्थिक अवस्था माथी उठ्नुका साथै नेतृत्व क्षमतामा समेत वृद्धि भएको उनले बताए ।

परियोजना समिक्षा तथा समापन कार्यक्रममा मकवानपुर जिल्लामा रहेर बालबालिकाको क्षेत्रमा सक्रिय संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको प्रोटेक्ट परियोजना अधिकृत सुनिल चिमरियाले बताए । मकवानपुर जिल्लाको लागि परियोजना सकिए पनि सम्बन्धित क्षेत्रमा समन्वय र सहकार्य सदा रहिरहने प्लाने नेपालकी अनुज्ञा मिश्रले बताइन् ।

# लैगिंकहिंसा, साइबर क्राइम र तनावसम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/युवा लक्षित लैगिंकहिंसा र साइबर क्राइम न्यूनीकरण तथा तनाव व्यवस्थापन सम्बन्धी तीन दिने तालिम शनिबार देखि हेटौंडामा सुरु भएको छ ।

प्रदेश युवा परिषद, बागमती प्रदेश हेटौंडाको सहयोगमा गैरसरकारी संस्था महासंघ मकवानपुरले कार्यक्रम आयोजना गरेको हो । कार्यक्रम नेकपा एमालेका बागमती प्रदेश सांसद एकालाल श्रेष्ठको प्रमुख आतिथ्य तथा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) दीपक रेग्मीको विशेष आतिथ्यमा भएको थियो । गैरसरकारी संस्था महासंघका केन्द्रीय सचिव बुद्धशरण लामा, राष्ट्रिय मानवअधिकार आयोगकी रेवा रेग्मी, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका उपाध्यक्ष कमल विश्वकर्मा, अधिवक्ता मदनकुमार दाहाल, नर्सिङ संघ मकवानपुरकी उपाध्यक्ष निर्मला



ब्लोनलगायतको आतिथ्य रहेको उद्घाटन कार्यक्रम गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा ओमशान्तिका डा. विजयराज सिग्देल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक (डिएसपी) टेकबहादुर कार्की, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रतिनिधिलगायतले सहजिकरण गरेका छन् । कार्यक्रममा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल नर्सिङ संघ, राष्ट्रिय अपाङ महासंघ, नागरिक संघसंस्थाका प्रतिनिधि, श्रमिक, युवा, विद्यार्थीसहित ७५ जनाको सहभागिता रहेको छ ।

# रानी सामुदायिक वनमा नेतृत्व विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा नेतृत्व तथा क्षमता विकास तालिम भएको छ ।

समूहको चालु आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार शनिवार तालिमको आयोजना गरिएको हो । वन समूहको कार्यसमितिका पदाधिकारी, लेखा समिति, सल्लाहकार, कर्मचारी, महिला उपसमिति र उपभोक्ताको क्षमता विकास गरी समूह सञ्चालनमा सहजता ल्याउन तालिमको आयोजना गरिएको हो । तालिममा राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाप्रमुख रामेश्वर अर्याल र नेपाल पत्रकार महासंघ, बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलालले सहजीकरण गरेका थिए ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम वन समूहका उपाध्यक्ष केशव धितालको सभाध्यक्षतामा कार्यक्रम



भएको हो । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, वन समूहका सल्लाहकार बलराम अधिकारी, कार्यसमिति, लेखासमिति, सल्लाहकार, महिला उपसमिति, कर्मचारी र उपभोक्ता समेत ३५ जनाको सहभागिता थियो ।

# मकवानपुरगढीमा स्ल्याब ढलान शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/मकवानपुरगढी गाउँपालिकामा ६ नम्बर वडाको भालुखोला-ठूलोसल्ले सडकमा स्ल्याब ढलान सुरु गरिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले मकवानपुरगढी गाउँपालिका-६ स्थित भालुखोलाबाट ठूलोसल्ले जाने करिव १२ सय मिटर स्ल्याव ढलानको शिलान्यास गरेका छन् । मकवानपुर गढी गाउँपालिका-६ का वडाअध्यक्ष कृष्णप्रसाद बजगाईको सभाध्यक्षता एवं नेता बानियाँको प्रमुख आतिथ्यतामा शनिवार ठूलोसल्लेमा सडक शिलान्यास कार्यक्रम भएको हो । शिलान्यास कार्यक्रममा बोल्दै नेता बानियाँले संघीयताले गाउँ-गाउँमा विकास निर्माण र जनतालाई उत्पादनमुखी कार्यमा लाग्न प्रेरित गरेको बताउँदै प्रदेश सरकारबाट



वडाको विकासनिर्माणमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, कांग्रेस नेता यतिराज सापकोटा, मकवानपुरगढी-५ का वडाअध्यक्ष दिपेश दाहाल, कांग्रेस मकवानपुरगढी गाउँपालिका-६ का वडासभापति केदारनाथ चौलागाई, निर्माण व्यवसायी मनोहर घिमिरे लगायतले मन्तव्य व्यक्त गरेका छन् । मकवानपुरगढी-६ भालुखोलाबाट ठूलोसल्लेसम्म नेता बानियाँको विशेष पहलमा करिव १२ सय मिटर स्ल्याब सडक बागमती प्रदेश सरकारको ५० लाख समपुरक अनुदान र गाउँपालिकाको ५० लाख गरी एक करोडबाट काम सुरु गरिएको हो ।

# मकवानपुर जिल्लास्तरीय कविता प्रतियोगितामा कार्की प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १३ जेठ/हेटौंडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गरेको कविता प्रतियोगितामा मकवानपुर बहुमुखी क्याम्पसका रियाज कार्की प्रथम भएका छन् । प्रतियोगितामा रियाज कार्की प्रथम भएका हुन् । प्रतियोगितामा जीएस निकेतन विद्यालयका समर्पण न्यौपाने द्वितीय र हेटौंडा स्कूल अफ म्यानेजमेन्टकी रोश्नी चौलागाई तृतीय हुन सफल भएका थिए।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुनेलाई क्रमश: नगद १५ हजार, १० हजार, ८ हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा सान्त्वना भएका हेटौंडा स्कूल अफ म्यानेजमेन्टका सरोजकुमार शाह र जीएस निकेतन विद्यालयका आदर्श पौडेलले नगद ५ हजार रुपैया प्राप्त गरे । प्रतियोगितामा साहित्यकार भावना सापकोटा र छवी अनित्यले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

आमाको मुख हेर्ने दिनको उपलक्ष्यमा हेटौंडा स्कूल अफ म्यानेजमेन्ट कक्षा ९-१२ केन्द्रित मकवानपुर जिल्ला स्तरीय कविता तथा निबन्ध लेखन प्रतियोगिता आयोजना गरेको थियो । निबन्ध लेखन प्रतियोगितामा ६९ जना विद्यार्थीको सहभागीता रहेको थियो । उक्त निबन्ध लेखनको निर्णायकमा साहित्यकार ह्याग्रीव आचार्य, निरा शर्मा र भवानी तिमल्सिना रहेका छन् । सहभागी विद्यार्थीहरुले क्याम्पसमै हस्तलिखित निबन्ध लेखेका थिए ।

निबन्ध लेखनको नतिजा प्राप्त भएपछि क्याम्पसले विजयी भएका विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने जनाएको छ । हेटौंडा स्कूल अफ म्यानेजमेन्टका सह प्रधानाध्यापक राम पण्डित खनालको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पसका अध्यक्ष देव श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

# मिस नेपाल २०२३ को उपाधि श्रीच्छा प्रधानलाई

काठमाडौं/मिस नेपाल वर्ल्ड २०२३ को उपाधि श्रीच्छा प्रधानले जितेकी छन् । शनिबार गोदावरीस्थित सनराइज सम्मेलन हलमा आयोजित ग्राण्ड फिनालेमा उनले ताज पहिरिइन् ।

अघिल्लो वर्षकी मिस नेपाल प्रियंकारानी जोशीले उनलाई ताज लगाइदिएकी थिइन् । फिनालेमा प्रसिद्धी शाहले मिस नेपाल इन्टरनेशनल र रैना मजगैयाँले मिस नेपाल अर्थको उपाधि जिते । समारोहमा १२ सहविधाका विजेता समेत घोषणा गरियो ।

मिस नेपाल विजेता प्रधान काठमाडौंकी स्थायी बासिन्दा तथा वातावरण विज्ञानमा स्नातक अध्ययनरत हुन् । उनी आफूलाई वातावरण अभियन्ताको रुपमा चिनाउँछिन् । २३ वर्षीया श्रीच्छाले फेस अफ द इयर र मिस डीएचआईको सहविधा समेत जितिन् ।

जसमा मिस पपुलर च्वाइस प्रसिद्धी शाह, ऐश्वर्या श्रेष्ठ मिस फिटनेस क्विन र मिस इन्टलेक्चुअल, ग्रिष्मा अधिकारी मिस ग्ल्यामर, मिस कन्फिडेन्ट प्रज्ञा बज्राचार्य, मिस हेल्दी स्किन रायना मजगैयाँ, मिस मल्टिमिडिया सुहानी खड्का क्षेत्री, फेस अफ द इयर र मिस डीएचआई श्रीच्छा प्रधान, वुमन विथ द विंग्स उन्नती गुरुङ, मिस फोटोजेनिक कीर्तिक खड्का, मिस ब्यूटी विथ द पर्पस आयुष्मा बराल घोषित भए ।

भव्य फिनाले समारोहमा नेपाली रकस्टार अभया सुब्बाले एकल गायन प्रस्तुत गरिन् भने अन्य मनोरञ्जनात्मक कार्यक्रम समेत प्रस्तुत गरियो । 'आज किन' बोलको गीत गाउँदै अभयाले गीत प्रस्तुत गरिन् । उनको गायकीमा प्रतिस्पर्धीले पनि नृत्य गरेका थिए ।



समारोहमा नेपाली फेसन, फिल्म र संगीत क्षेत्रका सेलिब्रिटीको बाक्लो उपस्थिति थियो । २४ जना सेमिफाइनलिस्ट सुन्दरीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

फिनालेका ११ जना निर्णायकमा पत्रकार दिलभूषण पाठक, क्रिकेटर ज्ञानेन्द्र मल्ल, होटल एसोसिएसन नेपालका अध्यक्ष विनायक शाह, सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष पूर्णमान शाक्य, अग्नि ग्रुपका अध्यक्ष क्याबिनेट श्रेष्ठ, नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधान, मिस नेपाल वर्ल्ड -२०२० नम्रता श्रेष्ठ, मिस नेपाल अर्थ-२०१७ रोजिना श्रेष्ठ, अब्सोल्युट एस्थेटिक क्लिनिककी निर्देशक सुरुजना श्रेष्ठ, अभिनेत्री आँचल शर्मा र महिला उद्यम व्यवसायी महासंघकी अध्यक्ष नीरु रायमाझी थिए ।

मिस नेपालको आयोजना द हिडन ट्रेजरले वर्षेनि गर्छ । यस वर्ष नयाँ मिस नेपाल आए पनि आगामी विश्व सुन्दरी प्रतियोगितामा मिस नेपाल २०२२ प्रियंकारानी जोशीले नै सहभागिता जनाउने भएकी छन् ।

नयाँ मिस नेपाललाई अर्को वर्षको मिस वर्ल्डमा पठाइने भएको छ । यस वर्षको विश्व सुन्दरी प्रतियोगिता दुबईमा हुने भनिए पनि अहिले अनिश्चितकालका लागि रोकिएको छ । यस वर्षदेखि हिडन ट्रेजरले मिस नेपाल नर्थ अमेरिका, अष्ट्रेलिया ओसियाना, हङकङ र युरोपसँग पनि सहकार्य गरेको छ ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय मकवानपुर**

**डेंगु रोग नियन्त्रणका लागि सम्बन्धित सबैमा स्वास्थ्य कार्यालय मकवानपुरको जरूरी सूचना:**

- डेंगू रोग एडिज एजिप्टाई जातको संक्रमित लामखुट्टेको टोकाईबाट सर्ने भएकोले यसबाट बच्नको लागि घर बाहिर निस्कदा लामो बाउला भएको कपडा लगाउने र सम्भव भए सम्म दिउँसो सुत्दाँ पनि झूलको प्रयोग गर्ने साथै बालबालिकालाई जुनसुकै समय पनि झुलभित्र सुताउने ।
- लामखुट्टेको बृद्धि विकासलाई नियन्त्रण गर्न आफ्नो घर वरिपरि सफासुग्घर राखें, घर वरिपरि भएका पानी जम्ने खाल्टाखुल्टीहरु पुर्ने
- जथाभावी फालिएका फोहरहरु बोतल, टायर, भाँडाकुँडा, गमलाका साथै नछोपिएका पानीट्यांकीमा फुल पारेर लामखुट्टेले बच्चा उत्पादन गर्ने भएकाले यस्ता फोहरहरुलाई खाल्टोमा राखी माटोले पुर्ने ।
- झ्याल ढोकामा जाली लगाउने र खुल्ला नराखे ।
- व्यक्तिगत बचावटका लागि लामखुट्टे नाशक मलहम को प्रयोग गर्ने ।
- ज्वरो आउने, जीउ दुख्ने, जोनी तथा दाइहरू बेस्सरी दुखे, याकवाक लाग्ने, बान्ता हुने खान मन नलाग्ने जस्ता लक्षणहरू देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने ।



**गणतन्त्र दिवस, २०८०**
**भव्यरुपमा मनाऔं**

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
संघ, प्रदेश एवं स्थानीय सरकार बीच समन्वय र सहकार्य गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**रेडक्रस हेटौंडा उपशाखाको**
**निर्वाचन सम्बन्धी सूचना !**

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ को उपशाखा निर्वाचन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति:** २०८० साल जेठ १५ गते
**समय:** बिहान ७ बजे
**स्थान:** पशुपति मन्दिर, हेटौंडा-४
**सम्पर्क:** ९८५५०७२६६४ (शिवहरि दाहाल, सभापति), ९८५५०७१६५८ (किसन घिसिङ, सचिव)

**नेपाल रेडक्रस सोसाइटी,**
हेटौंडा उपशाखा, हेटौंडा-४


प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिबल | महिला | हुप्रचौर | उद्घाटन (४:३० बजे पिप्ले क्याम्पा रंगशाला) | | | | | | समापन (४:३० बजे पिप्ले क्याम्पा रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटबल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौंडा कभर्डहल | | | | | | | |
| कराँते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभन्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
**आधुनिक सुन चाँदी पसल**
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना